कलैया उपमहानगरपालिकाद्वारा प्रकाशित

# कलैया राजपत्र

खण्ड ९ , संख्या : ४ मिति : २०८३/०३/१५

## भाग - १

### कलैया उपमहानगरपालिकाको अनुगमन तथा मूल्यांकन सम्बन्धी ऐन–२०८३

**प्रस्तावना:-**

नेपालको संविधान तथा प्रचलित कानून बमोजिम प्राप्त अधिकारको प्रभावकारी कार्यान्वयन तथा स्वीकृत नीति, योजना तथा कार्यक्रमहरूको नियमित तथा आकस्मिक रूपमा अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण गरी योजना तथा कार्यक्रमहरूलाई परिणाममुखी, दिगो तथा भरपर्दो बनाउँदै लैजान र कार्यपालिका कार्यालय तथा वडा समितिहरूको कामलाई थप जवाफदेही, सिंर्जनात्मक एवं प्रतिस्पर्धी वनाउनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले;

*नगरसभामा प्रस्तुत मिति: २०८३/०३/१० नगरसभाबाट स्वीकृत मिति: २०८३/०३/१५ प्रमाणीकरण मिति: २०८३/०३/१५*

नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० को अधिकार प्रयोग गरी कलैया उपमहानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद - १ः प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

१.१ यस ऐनको नाम **"कलैया उपमहानगरपालिकाबाट सम्पादन हुने कार्यलाई अनुगमन तथा मूल्यांकन गर्ने सम्बन्धी ऐन, २०८३"** रहने छ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) **"समिति"** भन्नाले दफा ३ वमोजिमको अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण समितिलाई सम्झनु पर्दछ।

(ख) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ।

(ग) **"ऐन"** भन्नाले अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० लाई सम्झनु पर्दछ।

(घ) **"कार्यपालिका"** भन्नाले कलैया उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) **"प्रमुख"** भन्नाले कलैया उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(च) **"उप-प्रमुख"** भन्नाले कलैया उपमहानगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले कलैया उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ज) **"महाशाखा/शाखा"** भन्नाले नगर कार्यपालिकाको कार्यालय मातहतका महाशाखा, शाखा तथा वडा कार्यालयहरूलाई समेत जनाउनेछ।

(झ) **"तोकिए" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत वन्ने नियमावली वा कार्यविधिमा तोकिएको कुरालाई सम्झनु पर्दछ।

## परिच्छेद - २ः अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण समिति सम्बन्धी व्यवस्था

**३. अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण समिति**

**३.१ समितिको गठन**

*नगरसभामा प्रस्तुत मितिः २०८३/०३/१०   नगरसभाबाट स्वीकृत मितिः २०८३/०३/१५   प्रमाणीकरण मितिः २०८३/०३/१५*

CamScanner

कलैया उपमहानगरपालिका भित्र सञ्चालित योजना, आयोजना तथा सेवा प्रवाहको अनुगमन तथा मूल्यांकन गर्न देहाय बमोजिमको एक समिति गठन हुनेछः

| | |
|---|---|
| नगर उप-प्रमुख | - संयोजक |
| प्रमुखले तोकेका कम्तीमा एक जना महिला सहित कार्यपालिका सदस्यहरू मध्येबाट ३ जना | - सदस्य |
| सम्बन्धित विषयगत समितिका संयोजकहरू | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| अनुगमन तथा मूल्यांकन हेर्ने महाशाखा/शाखा प्रमुख | - सदस्य सचिव |

*(पुनश्चः आवश्यकता अनुसार सम्बन्धित विषयगत महाशाखा/शाखा प्रमुख र अन्य विज्ञलाई बैठकमा आमन्त्रित गर्न सकिनेछ।)*

**३.२ समितिको काम, कर्तव्य र अधिकार**

(क) स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने।

(ख) आयोजना वा कार्यक्रमको प्रारम्भिक चरणदेखि नै नियमित अनुगमन गर्ने।

(ग) स्वीकृत कार्यतालिका बमोजिम कार्य भए/नभएको एकीन गर्ने र सो अनुसार नभएको पाइएमा सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिने।

(घ) प्राविधिकले आयोजना वा कार्यक्रमको लागत अनुमान, डिजाइन, नक्सांकन र आवश्यक चेकजाँच गरे/नगरेको सम्वन्धमा अनुगमन गरी निर्देशन दिने।

(ङ) निर्धारित गुणस्तर तथा प्राविधिक मापदण्ड अनुसार कार्य भए/नभएको सुपरिवेक्षण गर्ने।

(च) वजेट/खर्चको अनुपातमा भौतिक एवं वित्तीय प्रगति हासिल भए/नभएको अनुगमन गर्ने।

(छ) सञ्चालित योजना तथा कार्यक्रमले लक्षित उपलब्धि हासिल गर्न सक्ने/नसक्ने सम्वन्धमा तात्कालिक लेखाजोखा गर्ने।

(ज) रु. एक करोड भन्दा बढी लागत अनुमान भएका योजना/कार्यक्रमहरूको प्रारम्भिक, मध्यवधि/आकस्मिक र अन्तिम गरी कम्तीमा ३ चरणमा अनुगमन गर्ने।

(झ) नगर क्षेत्रमा सञ्चालित गैरसरकारी. संघ-संस्थाहरूसँगको सहकार्यमा वा उनीहरूद्वारा सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्यांकन गर्ने।

(ञ) संविधानको अनुसूची ८ र ९ अनुसारका स्थानीय तहका अधिकार सूचीसँग सम्बन्धित विषयको अनुगमन गर्ने।

(ट) अनुगमनका क्रममा दिइएका निर्देशन पालना नभएमा नियमानुसार कारवाहीका लागि सम्बन्धित निकाय वा कार्यपालिकामा सिफारिस गर्ने।

(ठ) समितिले प्रत्येक चौमासिकमा आफूले गरेको अनुगमनको प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ।

(ड) चालु आर्थिक वर्षमा सम्पन्न गरिएका अनुगमन, प्राप्त उपलब्धि र सुधारका सुझावहरू समेटिएको वार्षिक प्रतिवेदन नगर सभा समक्ष पेश गर्नु पर्नेछ।

**३.३ समितिको कार्यक्षेत्र**

(क) नगर कार्यपालिका, विषयगत महाशाखा/शाखा तथा वडा कार्यालयहरूबाट सम्पादन हुने विकास निर्माण र सेवा प्रवाहका कार्यहरू।

(ख) नगर क्षेत्रभित्र क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरूको कार्य।

(ग) आधारभूत तथा माध्यमिक तहका विद्यालय, स्वास्थ्य संस्था (अस्पताल, स्वास्थ्य चौकी, ल्याब), कृषि तथा पशु सेवा केन्द्रहरू।

(घ) भवन निर्माण तथा नक्सा पास, प्राकृतिक स्रोत कर, हाटबजार तथा स्थानीय राजस्व संकलनका क्षेत्रहरू।

(ङ) कलैया उपमहानगरपालिकाको कार्यक्षेत्र भित्र पर्ने सार्वजनिक सम्पत्ति, सरसफाइ, वजार अनुगमन, नगर प्रहरी तथा सहकारी संस्थाहरू।

## परिच्छेद - ३: कार्यसम्पादन मूल्यांकन सम्बन्धी व्यवस्था

**४. कार्यसम्पादन मूल्यांकन**

**४.१ महाशाखा तथा वडा कार्यालयको मूल्यांकन**

(क) कार्यपालिका कार्यालयका विषयगत महाशाखा/शाखाहरू र वडा कार्यालयहरूले वर्षभरि सम्पादन गरेका कामहरूको कार्यसम्पादन मापनका आधारमा वार्षिक मूल्यांकन गरिनेछ।

(ख) यस्तो मूल्यांकनको नतिजा चालु आर्थिक वर्षको प्रथम चौमासिक भित्र सार्वजनिक गरिनेछ।

## परिच्छेद - ४: विविध

**५. मापनयोग्य सूचक:** अनुगमन तथा मूल्यांकन गर्दा तथ्य र तथ्याङ्कमा आधारित वस्तुनिष्ठ तथा मापनयोग्य सूचकहरुको प्रयोग गरिनेछ।

**६. सचिवालय:** समितिको सचिवालयको रूपमा योजना तथा अनुगमन शाखाले कार्य गर्नेछ।

*नगरसभामा प्रस्तुत मितिः २०८३/०३/१०      नगरसभाबाट स्वीकृत मितिः २०८३/०३/१५      प्रमाणीकरण मितिः २०८३/०३/१५*

CamScanner

**७. एकीकृत अभिलेख:** उपमहानगरपालिका अन्तर्गतका विषयगत शाखाहरूले गरेका अनुगमन प्रतिवेदन को एक प्रति योजना तथा अनुगमन शाखामा पेश गर्नुपर्नेछ र सोको एकीकृत अभिलेख राखिनेछ।

**८. नियम बनाउने अधिकार:** यो ऐन कार्यान्वयनका लागि आवश्यक नियमावली, कार्यविधि वा निर्देशिका बनाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

**९. बाधा अड्काउ फुकाउने:** ऐन कार्यान्वयनका क्रममा कुनै द्विविधा वा कठिनाइ उत्पन्न भएमा सोको निराकरण नगर कार्यपालिकाले गर्नेछ।

**प्रमाणीकरण मिति:** २०८३/०३/१५

**आज्ञाले,**
**रेशम लाल कँडेल**
(प्रमुख प्रशासकीय अधिकृत)

*१नगरसभामा प्रस्तुत मिति: २०८३/०३/१० नगरसभाबाट स्वीकृत मिति: २०८३/०३/१५ प्रमाणीकरण मिति: २०८३/०३/१५*